आज मिति २०८१ साल वैशाख १७ गते सोमबार पिपरा गाँउपालिकाको अध्यक्ष श्री रामजानकी यादव ज्युको अध्यक्षतामा कार्यपालिका बैठक बसी निम्न बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा तपशिलमा उल्लेखित प्रस्तावहरु माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| क.स. | पद | नम पर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री रामजानकी यादव | |
| २ | उपाध्यक्ष | श्री वन्दना पाण्डेय | |
| ३ | वडा अध्यक्ष (१) | श्री राजेश कुमार दास | |
| ४ | वडा अध्यक्ष (२) | श्री संजित कुमार यादव | |
| ५ | वडा अध्यक्ष (३) | श्री किशोरी अधिकारी | |
| ६ | वडा अध्यक्ष (४) | श्री विदेही पासवान | |
| ७ | वडा अध्यक्ष (५) | श्री हरिशंकर प्रसाद यादव | |
| ८ | वडा अध्यक्ष (६) | श्री अरुण पुर्वे | |
| ९ | वडा अध्यक्ष (७) | श्री मधुवेन्द्र झा | |
| १० | कार्यपालिका सदस्य | श्री रिता देवी | रिता देवी |
| ११ | कार्यपालिका सदस्य | श्री रामसखी देवी | रामसखी |
| १२ | कार्यपालिका सदस्य | श्री लिलम देवी | लिलम |
| १३ | कार्यपालिका सदस्य | श्री शोभा देवी | शोभा देवी |
| १४ | कार्यपालिका सदस्य | श्री धिरेन्द्र महतो | धिरेन्द्र |
| १५ | कार्यपालिका सदस्य | श्री राजकिशोर भण्डारी | |
| १६ | प्रमुख प्रशासकीय अधिकृत<br>सदस्य सचिव | श्री सन्तोप कुमार मिश्र | |

कर्मचारी

१ श्री राजिब कुमार झा सूचना प्रविधि अधिकृत

Scanned with CamScanner

प्रस्तावहरु :

१ जेनरेटर खरिद सम्बन्धमा ।

२ गहुको विउको रकम भुक्तानी सम्बन्धमा ।

३ विद्यालय अनुदान सम्बन्धमा ।

४ धानको विउ विक्रि सम्बन्धमा ।

५.आर्थिक सहयोग सम्बन्धमा

६. बाल विवाह मुक्त क्षेत्र कार्यविधि २०८० संसोधन सम्बन्धमा ।

निर्णयहरु

१ .प्रस्ताव नं १ माथि छलफल गर्दा यस कार्यालय संचालनको लागि जेनेरेटर आवस्यक रहेको र उक्त शिर्षकमा वजेट विनियोजित नरहेकोले फर्निचर तथा फिक्चर्स शिर्षकमा विनियोजित १८,४०००० मध्य १० लाख जेनरेटर खरिद शिर्षकमा रकमान्तर गरि जेनरेटर खरिद गर्ने निर्णय सर्वसहमतिले गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा यस कार्यालयको लागि ७५ % अनुदानमा गहुको विउ वितरण कार्यक्रम अन्तर्गत विउ खरिद भइ राजश्व रकम हालसम्म पनि संकलन हुन् नसकेपछि तत्काल सम्वन्धित सप्लायर्सलाई विलको ७५% रकम भुक्तानी दिई २५% राजश्व रकम स्टोर शाखावाट दाखिला भए पछि मात्र दिने निर्णय सर्वसहमतिले गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा आ.व.२०८०/८१ मा गाउँपालिकाको सभावाट शिक्षा तर्फको तपशिलका अनुदान तपशिलका विद्यालहरुमा पठाउने निर्णय गरियो ।

तपशिल :

१. रा.ना.आ. वि. पिपरा -रु १० लाख

२. दलित रा.आ. वि. पिपरा -रु १० लाख

३. रा.ना.अ.मा.वि.पिपरा -रु ५लाख (विज्ञान प्रयोगशाला निर्माण र खरिद)

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा कृषकहरुलाई अनुदानमा धानको विउ वितरणका लागि खरिद गरिएको धानको विउ कृषकहरुलाई वितरण गरि वाकी रहेका विउ अब विउ प्रायोजनका लागि काम नलाग्ने भएकोले उक्त धानलाई खाधान्नमा बिक्रि गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा पिपरा गाउँपालिकाको कार्यपालिका सदस्य श्री रामसखी देवी दुर्घटनामा परी खुट्टा भाचीएको र निजको आर्थिक अवस्था कमजोर रहेकोले निजलाई उपचार खर्च वापत रु ५००००(पचास हजार) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

६. बाल विवाह मुक्त क्षेत्र कार्यविधि २०८० को परिच्छेद ३ मा "*५ बर्ष देखी 16 बर्ष उमेर समूहका ९५% बालबालिकाले आधारभूत शिक्ष (१ देखी कक्षा १० सम्म) पुरा गरेको हुनुपर्ने )*" सूचक थप गर्ने निर्णय गरियो ।